हाम्रो प्रजाशक्ति
गान्तोक, आइतवार, ११ मार्च २०१७

# फेरि कछुवा र खरायोको कथा



❑ कालुसिंह रनपहेंली सिलगढ़ी



कथा

खरायोलाई आफ्नो छिटो र छरितोपनको धाक थियो।

कछुवालाई आफ्नो निरन्तरताको घमण्ड थियो।

दुवै थिए प्रतिस्पर्धामा। त्यो जीतको रेखा कुल्चनुको निम्ति दुवै आतुर थिए।

खरायो र कछुवा आ-आफ्नो गुणलाई लिएर दौड़ शुरु हुनभन्दा अघि नै बाझ्नलागे।

''तँ के सम्झन्छस् लोसे कछुवा! तैंले मसँग तुजुक गर्नु भनेको हावाले तुफानसित जोरी खोजु बराबर हो। तँ लोतिखैरे जहिल्यै ढिले! तेरो हिँड़ाइ कसलाई थाहा छैन? तेरा पुर्खाहरू मिलाएर जति लामो दूरी हिँड़िस् होला त्यति त म एक दिनमा दगुरेर पुरा गर्न सक्छु। तँ के फुटानी गर्छस्?''

कछुवालाई सिरिजंग चल्यो। आफू सँगसँगै आफ्ना पुर्खाहरूलाई समेत मुछेर गाली दिएकोमा त्यो झन् मुर्मुरिँदै करायो,''तँ खरायो! तेरो जीवन छ १२ वर्ष! म एक सय पचास वर्षसम्म बाँच्ने कछुवासँग तेरो तुजुक! तेरो सात पुस्ताले दगुरेको बराबर म एक्लैले जीवनभर हिँड़ेर पूरा गर्न सक्छु। के सेखी गर्छस्? तेरो ढाड़मा एक मुक्का कसैले बजाऱ्यो भने तैंले आँखा पल्टाउनेछस्! मेरो ढाड़मा हात्ती चढ़ेर हिँड़े पनि म जस्ताको तस्तै सुरक्षित रहन्छु। पाजी! तँ कोसँग कुरा गर्दैछस्? चट्टानमा मुक्का हान्नु कतिको बुद्धिमानी कुरो हो, तँ त्यही गर्दैछस्!''

खरायोलाई अझै रिस उठ्यो। त्यसले हियाउनलाई कछुवालाई भन्यो,''तेरो भद्दा शरीर लिएर तँ किन बेसी कुरा गर्छस्? तँलाई संसारको सबैभन्दा कुरूप प्राणी बनाएर भगवानले रचेका छन्। तेरो त्यो खपेटाको त्यत्रो धमास! त्यो खपेटाको भारीले थिचेर तँ आफ्नै भारी बोक्ने गधा भइरहन्छस् जीवनभर! तँ केको धमास लड़ाउँछस्? तेरो खपेटा एउटा कुरामा चाहिँ काम लाग्छ, त्यो के भने कथङ्काल जङ्गलमा आगो लाग्यो भने तेरो मासु खपेटाको वर्तनमा पाक्नु चाहिँ गजब पाक्छ। त्यति बेला कति सुविधा हुन्छ मान्छेलाई तेरो रोस्ट खानु!''

खरायोको कुराले कछुवालाई अझै आघात पुऱ्यायो। कछुवाले एउटा ढुङ्गा टिपेर खरायोतिर हान्यो। खरायो बुद्रुक्क उफ्रेर छलियो। त्यो ढुङ्गा त्यही बाटोबाट आउँदै गरेका एक शिकारीको टाउकोमा बज्रियो। शिकारी थुचुक्क बस्यो। फेरि उठेर उसले आफ्नो गुलेली ताक्यो र खरायोलाई लड़ायो। खरायो मरेपछि त्यसलाई टिपेर आफ्नो झोलामा हाल्यो अनि आफ्नो हातको बन्चरोले कछुवालाई उत्तानो पारेर प्रहार गर्नलाग्यो। कछुवा मरेपछि खपेटाबाट त्यसको मासु मात्र छिलेर निकाल्यो अनि अघि खरायो हालेको झोलामा नै कछुवाको मासु पनि हालेपछि खपेटा त्यहीँ छेउको झोड़ीमा मिल्काएर बाटो लाग्यो।

अघिसम्म बाझाबाझ गरिरहेका कछुवा र खरायो अहिले शिकारीको झोलाभित्र अङ्कमाल गरिरहेका प्रतीत पर्थ्यो। शिकारी दुवैलाई लिएर हिँड्यो अनि कछुवा र खरायोले दौड़को निम्ति निर्धारित गरेका रेखा काटेर आफ्नो घरको बाटोतिर बढ्यो।

## मुक्तकहरू



■ पासाङ नर्वु लामा

❑ **खबरको खबर**

दिइरहेका छन् दिनहुँ दैनिक खबर पढ़िरहेका छन् सबैले,
राख्दैछन् के त! खबरेहरूका खबर पनि कसै कसैले!

❑ **दुनियाँमा**

बलबुताको मन्टो उठाउनेले दुनियाँ देख्न पाउने भयो,
छेलिएका ती लाचारहरूले 'कहाँ छौं' भनेर खोज्नुपर्ने भयो।

❑ **सीता र गीता**

रामायणकी सीता अशोक बाटिकामै रोई रहिन्,
महाभारतकी गीता कुरुक्षेत्र जितेर हाँसिन्।

❑ **ज्यानकै लागि**

शिकारीले शिकार खेदिरहेकै हुनु पर्दोरहेछ,
भाग्दैगरेको शिकार ज्यानकै लागि मर्नु पर्दोरहेछ।

❑ **इस्! नापिस्**

ताबार तेबर कागले गुँड़ बनायो कोइलीले त्यसैमा अण्डा पाऱ्यो,
त्यति पनि तछार्न सकिनँ मैले, इस्! नापिस् भन्दै लोबारेँ।

(गान्तोक)



# स्वर्णिम लिम्बूको गजल सङ्ग्रह
# 'पहिलो किरण' : एक अध्ययन





➲ बुद्ध सुब्बा (वजी) कालेबुङ

''कुनै पनि कृतिको समालोचना गर्दा कृतिकारको होइन तर कृतिको समालोचना हुनुपर्छ'' भन्ने वरिष्ठ समालोचक तथा साहित्यशास्त्री आइए रिचर्डस्को भनाई रहे तापनि यहाँ कृतिकारको छोटो परिचय प्रस्तुत गर्नु अपेक्षित ठान्दछु।

दार्जीलिङ जिल्लाको कालेबुङ महकुमा अन्तर्गत पाबरिङ्गटार ग्राम पञ्चायतभित्र पर्ने मुङपेल गाउँ निवासी ज्ञानबहादुर सुब्बा (साहित्यमा स्वर्णिम लिम्बू)-को जन्म २८ फरवारी, सन् १९९० मा भएको हो। पिता हर्कबहादुर पोङधाक (सुब्बा), माता स्व. फूलमाया आङ्देम्बे (सुब्बा)-का एकल छोरा हुन् उनी।

भारतेली अथवा दार्जीलिङको नेपाली गजल साहित्यको परम्परामा टेवा पुर्याउने लिम्बूको हालसम्म फेला परेको प्रकाशित कृति यही एउटा गजल सङ्ग्रह हो। सन् २०१२ मा लिम्बूको '**पहिलो किरण**' गजल सङ्ग्रह प्रकाशित भएको हो। यद्यपि प्रस्तुत गजल सङ्ग्रह प्रकाशित हुनअघि उनका गजलहरू पत्रपत्रिका, सञ्चार माध्यम रेडियोबाट प्रकाशित, प्रसारित भइसकेका छन्। उनको गजल सर्वप्रथम सन् २००५ तिर पूर्वी नेपालको कञ्चन आवाज मानिने 'कञ्चनजंगा एफएम ९२.६ मेगाहडस्'-बाट प्रसारण भयो। त्यस्तै गरी पूर्वी नेपालकै 'सिमाना एफएम' अनि सिलगढ़ीको 'मिस्टी एफएम'-बाट पनि प्रसारण भएको थियो। घल राई अनि राजबल राईद्वारा सम्पादित तथा नेपालको काठमाडौंबाट मासिकरूपमा प्रकाशित हुने 'मुन्धुम' पत्रिका, 'युवा-मञ्च' (मासिक, सिलगढ़ी), स्वर्णभूमि (दैनिक) जस्ता पत्रपत्रिकामा उनका गजलहरू प्रकाशित भएका छन्।

१५ वर्षको उमेरदेखि गजल लेख्न शुरु गरेका लिम्बूले सात वर्षको गजल साधानापछि '**पहिलो किरण**' गजल सङ्ग्रह प्रकाशित गरेका हुन्। गजलकार असीम सागरको 'अस्तित्वका आवाजहरू' गजल सङ्ग्रहबाट प्रेरित र प्रभावित भएर गजल सिर्जना गर्न अग्रसर भएको कुरो गजलकार लिम्बू स्वयं बताउँछन्।

**कृतिगत विस्तार**

गजल लेखनको निम्ति यसको सैद्धान्तिक ज्ञान हुनु अनिवार्य मानिन्छ। लिम्बूका गजलहरू सैद्धान्तिक रुपमै सिर्जना भएका छन्। उनको गजल सङ्ग्रह '**पहिलो किरण**'-को कृतिगत अध्ययन, विश्लेषण र मूल्याङ्कन यहाँ प्रस्तुत छ। विशेष गरी यो कृतिलाई दुईवटा आधारमा विश्लेषण गरिएको छ।

**१) वाह्य संरचना**

**२) आन्तरिक, आत्मगत संरचना**

**१) वाह्य संरचना**

६० पृष्ठमा संरचित प्रस्तुत गजल सङ्ग्रहमा आमाप्रतिका सम्पर्ण गजलसँग जम्मा ६१ वटा गजल छन्। एसबी पब्लिकेसन, सिलगढ़ी- ७३४००१ बाट मुद्रित, सेप्टेम्बर २०१२ मा प्रकाशित अनि प्रकाशक सन्तोष पोङधाक (सुब्बा) हुन्। प्राध्यापक बलराम सापकोटाबाट भूमिका लेखनकार्य भएको अनि बरबोट उच्च माध्यमिक पाठशालाका सहशिक्षक भीमप्रसाद शर्माले दुई कुरा-सँगै शुभकामना पनि व्यक्त गरेका छन्।

लिम्बूको गजल पढ़्दा पाठकलाई दिक्क लाग्ने किसिमको, पट्यारलाग्दो छैन। सरल र सरस भाषा, शैलीको प्रयोग पाइन्छ। साधारण पाठकले पनि छर्लङ्ग बुझ्नसक्ने गजलहरू छन्। पुस्तिका भन्न नमिल्ने, मझौले आकार भनेर ठोकुवा पनि गर्नु नसकिने तर पुस्तकाकारमा प्रकाशित भएको छ।

**२. आन्तरिक/आत्मगत संरचना**

यो कृतिको भित्री तहको अध्ययन हो। प्रस्तुत गजल सङ्ग्रहको आत्मगत संरचनापक्षको निम्नलिखित तत्त्वहरूमा विवेचना गरिएको छ-

**क)** **अनुभूति र रसभाव**
**ख)** **बौद्धिकता**
**ग)** **कल्पना**
**घ)** **सौन्दर्य**
**ङ)** **छन्द, लय, विम्ब, प्रतीक र अलङ्कार,**
**च)** **भाषा-शैली**
**छ)** **कृतिको नामकरण आदि।**

**२. क. अनुभूति र रसभाव**

नेपाली साहित्यको माध्यमिककालभन्दा अघि कुनै अस्तित्वमा नरहेको गजल, उर्दू, फारसीबाट नेपाली साहित्यमा मोतीराम भट्टले भित्र्याएको सर्वविदितै छ। मोतीरामदेखि जिग्गर अनि भीमनिधि तिवारीसम्म आइपुग्दा पनि गजल प्रायः एकै किसिमको अनुभूति र एउटै किसिमको रसभावमा सिर्जना भएको पाइन्छ। त्यस समयका गजलहरूमा मुख्यतः प्रेमभाव, भक्तिभाव र सामाजिकभाव जस्ता प्रवृत्तिहरूपाइन्छन्। नेपाली साहित्यको माध्यमिककालमा निकै लोकप्रिय रहेको गजलले वर्तमान समयमा पुनर्जीवन प्राप्त गरेको छ। यसले युगोचित स्वरूप र प्रवृत्ति पनि प्रकट गरेको देखिन्छ। वर्तमान सन्दर्भमा गजलमा विविध लक्षण तथा प्रवृत्ति देख्न पाइन्छन्।

लिम्बूका गजलहरूमा पारम्परिक प्रेमभाव, भक्तिभाव तथा सामाजिक भाव अतिरिक्त प्रगतिवादी, अस्तित्ववादी, निराशावादी स्वर, यथार्थपरक चिन्तन, जीवन र जगतको यथार्थपरक भोगाइ र अनुभूति, राजनैतिक असफलताको तीव्र विरोध, अहम, आलस्यपन, देशप्रेम, जातिप्रेम, माटोको माया, सांस्कृतिप्रति मोह, अस्तित्वको दावीमा रहेको नेपाली संस्कृति र परम्परा (विशेष वाद्य वादन), प्रकृतिप्रेम, प्राकृतिक घटना, समस्वर, एकताको भावना, नारीप्रति व्यङ्ग्य, अन्धविश्वासको तीव्र विरोध, मानवहीनता, मानवतावादी स्वर, विश्वासको अभाव, युवा पिँढ़ीप्रति व्यङ्ग्य, शैक्षिक चेतना तथा जागरूकता, नेपाली चाड़ पर्व, आञ्चलिकता, प्रेमप्रतिको आग्रह आदि अनुभाव तथा प्रवृत्ति पाइन्छन्।

वर्तमान सन्दर्भमा राजनैतिक परिवेश एउटा यस्तो विषय बनेको छ जसको प्रभावस्वरूप गजलहरू लेखिन्छन्। गजललाई विशेषतः कतिपय समालोचकले 'प्रेमभावमा बढ़ी अभिव्यक्ति भएको हुनुपर्दछ' भनेका छन्। अचेलका गजलहरूमा प्रेमभावभन्दा बढ़ी सान्दर्भिक कुराहरू जस्तै-जीवन र जगतका विविध भोगाइ, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिकपक्षको आग्रह रहेको पाइन्छ। लिम्बूका गजलहरू पनि यस्तै किसिमका पाइन्छन्। उदाहरण-

**'जति घस्यो उति टल्कने सुन रहेछ जिन्दगी,**
**मधुर संगीत विनायोको धुन रहेछ जिन्दगी।**

**जीवन एउटा सङ्घर्ष हो आधार दुःख-सुखको,**
**नियाली हेर्दा पूर्णे रातको जुन रहेछ जिन्दगी।**

**कहिले त ठग्छ यसैले वैरीले लुटेझैं गरी,**
**लाग्छ निर्मोहीले लाउने त्यो गुण रहेछ जिन्दगी।**

**न्यानोपनको आभास कहिले चिसो बहार कहिले,**
**जहिले पनि फाटिने त्यो उन रहेछ जिन्दगी।**

**सुन भनु कि धुन भनु या के नि नभनु,**
**यो त एक दिन सुकेर जाने खुन रहेछ जिन्दगी।'** (पृ. ५९)

उपर्युक्त गजलमा जीवन र जगतका विविध यथार्थपरक भोगाइ, सङ्घर्ष आदिको अभिव्यक्ति पाइन्छ। प्रेमभावलाई बढ़ी प्राथमिकता नदिइ अस्तित्वको दावीमा रहेको नेपाली संस्कृतिप्रतिको भावनात्मक अभिव्यक्ति पनि उनका गजलहरूमा देख्न पाइन्छन्। तथापि उनका गजलहरू प्रेमभाव प्रयुक्त पाइन्छ नै। संस्कृतिप्रतिको मोह र नेपालीपन खोज्दै लिम्बू लेख्छन्-

**'लेख्दा मैले जस्तै शब्द गजल हुन्छ अचेल,**
**लोक भाकाको सारङ्गी नि कनि रून्छ अचेल।**

**धुर्त गतिको चालसँगै मिस्सिसक्यो संस्कृति,**
**मादल रूचाउने सर्जकले नि गिटार चुन्छ अचेल।**

**अस्तित्त्व मेटिँदैछ यसै गरी दिन गन्दागन्दै,**
**गजल सुन्ने त्यै श्रोताले पप सुन्छ अचेल।**

**लोप हुँदै गइसके ती चिह्नारीका सम्पत्तिहरू,**
**अस्तित्वकै डरले च्याब्रुङ कुरा बन्छ अचेल।**

**बिक्री अनि विसंगतिले बेरिसक्यो संस्कृति,**
**रीति-थिति सम्झी ल्याउँदा सास थुन्छ अचेल।'** (पृष्ठ ८)

उपर्युक्त गजलमा नेपाली जातिको वाद्य वादन मादल, सारङ्गी, च्याब्रुङ आदिको अस्तित्त्व धरापमा परेको र मादल रुचाउने सर्जकले पनि गिटार चुन्न थालेको दुखद् अवस्थालाई प्रस्तुत गरेका छन्। अस्तित्वकै डरले च्याब्रुङ लिम्बू जातिमाझ महत्त्वको विषय बनेको छ भन्ने कुरालाई पनि देखाउन खोजेका छन्। नेपाली जातिको महान चाड़ पर्व, दशैं, तिहारको अभिव्यक्ति पनि उनको गजलमा पाइन्छ। महाकवि, आशुकवि लक्ष्मीप्रसाद देवकोटाको 'सुनको बिहान' कविताको लयझैं रचिएको गजल प्रस्तुत छ।

**'भैलीरे भन्दै देउसीरे खेल्दै तिहार आउँछ रे,**
**नेपाली घर नेपाली आँगन खुशीले छाउँछ रे।**

**पहिलो दिन काग तिहार हजुर दोस्रो दिन कुकुरको,**
**तेस्रो दिन भैलो गाई तिहार भन्दै चेलीले गाउँछ रे।**

**चौथो दिनमा देउसीरे खेल्ने पाँचौं दिन भाइटीका,**
**चेलीको आशिष भाइटीका थाप्न माइतीले धाउँछ रे।'**

(पृष्ठ ४५)

प्रकृतिप्रतिको प्रेम लिम्बूको गजलमा पाइने एउटा विशेषता हो। प्रकृतिको गुणगान गर्दै उनी लेख्छन्-

**'लेक, बेसी, झरना, खोला, नदी, वन-जंगल,**
**भीर, पाखा, भञ्ज्याङ पनि पाउँछु गजलमा।**

**काँड़ा अनि फूलको जस्तै अमर प्रीत बनी,**
**सबैको दिल दिमाग लिई छाउँछु गजलमा।'**

प्रकृतिले गर्ने विभिन्न घटनाको यथार्थपरक अभिव्यक्ति, प्राकृतिले जीवप्राणीलाई दिने आकस्मिक यतना र त्यस यतनाको भोगाइको पनि मार्मिकरुपमा प्रस्तुत गरेका छन्। सन् २०११, सेप्टेम्बर १८ तारिख, आइतवारका दिनको दैविक प्रकोप भूकम्पबारे पनि गजल रचेका छन् उनले। ६.८ को तीव्रतामा आएको महाभूकम्पको केन्द्रविन्दु सिक्किम राज्यको मंगन रहेको थियो। गजल यसप्रकार छ-

**'निराशा मात्र आश छैन कसलाई के थाहा,**
**जिउनलाई यहाँ गाँस छैन कसलाई के थाहा।**

**हाय, निष्ठुर दैवलाई कसले न्यानो निम्तो गर्यो,**
**कत्तिको घरमा बास छैन कसलाई के थाहा।**

**घर ढल्यो कत्तिको भने कत्तिको बारी लग्यो,**
**बारीको हरियो घाँस छैन कसलाई के थाहा।**

**न त गाई, बाख्रा रह्यो सबै सखाप भयो,**
**कुखुरा, परेवा, हाँस छैनन् कसलाई के थाहा।** (पृष्ठ ९)

प्रगतिवादी स्वर, देशप्रतिको प्रेम पनि उनको गजलमा भेटिन्छन्। जस्तै -

**भन्दिनँ म, कसैलाई हार्दैहार्दै जाऊ,**
**भन्छु सधैं जून, तारा झार्दैझार्दै जाऊ।**

**समाज सेवा गर्छौ भने हार्दिक बधाई छ,**
**सेवा गर्दै पाइला अघि सार्दैसार्दै जाऊ।**

**कलाकृति हुने जति निस्क अघि मञ्चमा,**
**निसङ्कोच आफ्नो कला खार्दैखार्दै जाऊ।**

**देश रक्षक हौ भने छड्के सलाम तिमीलाई,**
**शान्ति ल्याऊ, दुष्ट सबै मार्दैमार्दै जाऊ।**

**केही पनि नहुने जति असल कार्य गर,**
**बिघ्न बाधा आएजति टार्दैटार्दै जाऊ।'** (पृष्ठ २५)

*क्रमशः...*

## कविता

# गाउँलाई मेरो माया



■ जयप्रसाद राई

माथि डाँड़ाको टुप्पामा
देखिने मसिना ताराहरूझैँ
मिलेको मेरो सुन्दर गाउँलाई
मैले औधी माया गरेको छु।

यता शहर पसेदेखि
मैले गाउँलाई बेस्सरी सम्झेको छु।

शहरको कोलाहलमय
वातावरण र परिवेशले
म थकित भएको छु,
तर शहर पसे तापनि
मैले गाउँलाई अघौरै माया गरेको छु।

यता शहर पसेदेखि
सुन्दैछु धनवीर बाजे पनि मरे' अरे
पल्लो घरकी साइँली पनि
विहे भएर गइन् 'अरे
तर के गर्नु आमा!
शहर पसेदेखि मैले
यहाँ शान्ति पाइनँ।

हो आमा!
मैले यहाँ साँच्चै
शान्ति पाइनँ।
यहाँ त आमा
दिउँसै चोरी, डकैती
लुटपाट र बलात्कारहरू हुँदारहेछन्।

आमा मैले शहरमा
गाउँमा भन्दा पनि दरिद्र र असहाय
मान्छे पनि देखेँ
तपाईंको जस्तो अनुहार भएका
हजारौं आमा भोकभोकै हिँड़ेको देखेँ
पाँचवर्षे बालक पनि भीख मागेको देखेँ
यसैले आमा मैले
यहाँ शान्ति पाइनँ
बरु गाउँका मानिसहरू
आफ्नो मेहनत र पसिनाले
एक छाक खाएर पनि
हाँसेको देखेँ
आपस्तमा मेल-मिलाप गरी बाँचेको देखेँ।

यसैले आमा
म फेरि आफ्नै गाउँमा
फर्किन चाहन्छु
म यहाँ पटक्कै
रमाउन सकिनँ आमा
अनि धनवीर बाजे मरेको
खबरले अत्यन्त्यै दुःखी बनेको छु,
र आमा म यहाँबाट फेरि
गाउँमा चाँड़े फर्किंदैछु।

(रनबहादुर बस्ती वीरपाड़ा)

* * *